# 'पोथी बास्नुहुँदैन' कविताको शक्तिकेन्द्र

**बिन्दु शर्मा**
उपप्राध्यापक, रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौँ
इमेल : bindu2033@gmail.com
https://orcid.org/0009-0008-5093-1416
DOI: https://doi.org/10.3126/prajna.v126i1.86306

**लेखसार**

*प्रस्तुत अध्ययन कुन्ता शर्माको 'पोथी बास्नुहुँदैन' कविताको शक्तिकेन्द्र विश्लेषण र मूल्याङ्कनमा केन्द्रित छ । 'पोथी बास्नुहुँदैन' कवितामा बिम्बको शक्तिकेन्द्र निर्मितिको आधार र त्यसको प्रभावकारिता केकस्तो छ भन्ने समस्यामा यो अध्ययन आधारित छ । यसमा मूल समस्याको समाधानका लागि कवितामा प्रकटित शक्तिकेन्द्रीकरण, समयको सङ्कुचन, मूर्तताको विधान र आकाङ्क्षाको आकृति जस्ता प्रतिमानको उपयोग गरिएको छ । प्रस्तुत लेखको सैद्धान्तिक ढाँचाको निर्माण मूल रूपमा भुमरीवादअन्तर्गत मटेरेर टिमोथीको 'भोर्टेक्स : पाउन्ड, इलियट यान्ड लेविस' ( सन् १९७९) कृतिका आधारमा तयार पारिएको छ । शक्तिकेन्द्रको विश्लेषण सांस्कृतिक पक्षसँग सम्बन्धित शक्ति र सामाजिक प्रयुक्तिको अभ्याससम्बद्ध विषय हो । समालोचनाका क्षेत्रमा शक्तिकेन्द्र (vortex) विश्लेषण कृतिमा निहित केन्द्रीकृत बिम्बको भूमिका एवम् जीवनजगत्प्रतिको विचार, ज्ञान, अनुभव र भावना सङ्केन्द्रित सर्वोच्चता पहिचानमा केन्द्रित रहन्छ । यो रचनामा निहित काव्यात्मक बिम्बहरूको तरलतामा सिर्जना भएको उच्चतम शक्तिको बिन्दु हो । यसले साहित्यिक पाठमा रहेको विचार, चेतना र अनुभूतिको प्रवाह जस्ता रचनाको शक्ति केन्द्रित गर्ने पक्षहरूको खोजी गरी तिनको प्रयोजनपरक ढङ्गले विश्लेषण गर्ने काम गर्दछ । 'पोथी बास्नुहुँदैन' कविताको शक्तिकेन्द्र विश्लेषणअन्तर्गत यस लेखमा शक्तिकेन्द्रीकरण, समयको सङ्कुचन, मूर्तताको विधान र आकाङ्क्षाको आकृति विश्लेषणका माध्यमबाट शक्तिकेन्द्र पहिचान गरिएको छ । नेपाली समाजको पितृसत्तात्मक चरित्र चित्रण, त्यसको उत्पीडनमा परेका महिलासँगको सम्बन्धको व्यङ्ग्यात्मक र आलोचनात्मक प्रसार एवम् पितृसत्ताबाट मुक्तिका लागि अवलम्बन गरिएका ताजा बिम्बहरूको प्रतिरोधी अभिव्यञ्जनाबाट प्रस्तुत कविता शक्तिकेन्द्रका कोणबाट प्रभावकारी रहेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी** : अधीनस्थता, प्रतिरोधी, भुमरी, शक्तिकेन्द्रीकरण, सङ्कुचन, सांस्कृतिक ।

**विषयपरिचय**

साहित्यिक सौन्दर्यशास्त्रका सन्दर्भमा शक्तिकेन्द्र (vortex) भनेको साहित्यिक रचनामा निहित काव्यात्मक बिम्बहरूको तरलतामा सिर्जना भएको उच्चतम वैचारिक शक्तिको केन्द्रबिन्दु हो। कवितामा यस्तो केन्द्रबिन्दुले सघन बिम्बद्वारा प्रकटित जीवनजगत्प्रतिको चिन्तन, ज्ञान, अनुभव र भावनाको प्रचण्ड ताकत सङ्गृहीत गर्दछ। यसले कवितामा शक्तिलाई एकीकृत र चमकदार मानसचित्रबाट निर्मित बिम्बमा केन्द्रित गर्दै विचार, चिन्तन एवम् अनुभूति निरन्तर र वेगवान् रूपमा प्रवाहित भइरहन्छन् भन्ने मान्यता राख्दछ। रचनाको केन्द्रीय बिम्बका रूपमा रहने यो शक्तिकेन्द्र युगौँदेखि मानवले आर्जन गरेका जातीय चेतना, परम्परा, सहमति, साहचर्य आदिको व्यापक र बृहत् शक्तिद्वारा 'प्रभारित' (charged) हुन्छ (मटेरर, सन् १९७९, पृ. ३०)। लेखकले आफ्ना भावना र संवेगहरूलाई नवीन आकृति, आयाम र रङहरूमा व्यवस्थित गरेर रचनामा सफल रूपले सम्प्रेषण गर्न सक्छ भन्ने मान्यताका आधारमा शक्तिकेन्द्रको अवधारणा स्थापना भएको हो। शक्तिकेन्द्रलाई प्राथमिकता दिने काव्यिक बिम्बको घनत्वपूर्ण र अग्रगामी आधारलाई 'भुमरीवाद'का रूपमा पनि परिभाषित गरिएको छ (एटम, २०७४, पृ. १७७)। लेखकले आफ्नो सामाजिक अवस्थितिअनुसार नै एउटा वैचारिक वा भावनात्मक दृष्टिकोण आत्मसात् गर्दै सोही अनुरूपका चिन्तन, अनुभव र अनुभूतिलाई गहन बिम्बात्मकता प्रदान गर्छन्। त्यसैले लेखक आफ्ना रचनामा अभिव्यक्त गरेको दृष्टिकोणलाई भुमरीयुक्त बिम्बका माध्यमबाट उच्चतम शक्ति केन्द्रीकृत गर्न सफल हुन्छ।

समसामयिक वस्तुस्थिति र जीवनजगत्प्रतिका लेखकका अनुभव, प्रतिक्रिया, त्यसप्रतिको वैयक्तिक दृष्टिकोणको बिम्बात्मक संयोजन, वैचारिकता सम्प्रेषणको रणनीति एवम् भाषाको लयात्मक बुनोटबिच सही सम्मिलन हुनुपर्ने भएकाले कविता कलात्मकताको आधिक्य रहेको साहित्यिक रचना हो। यसमा प्रकटित स्वर यथास्थितिलाई स्वीकार गर्ने र यथास्थितिलाई अस्वीकार गरेर जीवनलाई नवीन तरिकाले रूपान्तरण गर्न चाहने गरी दुई प्रकारका हुन्छन्। जीवनजगत्को दार्शनिक, अमूर्त र अभिव्यञ्जनात्मक अभिव्यक्ति भएकाले कवितामा सांस्कृतिक शक्तिसम्बन्ध, त्यसप्रतिको लेखकीय रणनीति एवम् अर्थप्रसार अप्रत्यक्ष रूपमा प्रकट हुन सक्छ। नेपाली कवितामा समकालीन समयावधि (२०३६) देखि नै स्वतन्त्रतामा बन्देज एवम् मुक्त विचारमा निर्देशित दबदबा आदिका कारण उक्त अवधिको नेपाली काव्यिक धार स्वतन्त्रता र समानतासहितको वैचारिक मोडतिर केन्द्रित हुँदै गएको थियो। तिनमा पितृसत्तात्मक थिचोमिचो र भेदभावपूर्ण सामाजिक, सांस्कृतिक, दार्शनिक आदि मूल्यहरूको वर्चस्वका कारण दमित महिला पहिचानको चित्रण गरिएको छ। कुन्ता शर्माको 'पोथी बास्नुहुँदैन' कविता *म उभिएको ठाउँ* (२०४३) कवितासङ्ग्रहमा सङ्गृहीत छ। यसमा महिलासमानतालाई केन्द्रमा राखेर पितृसत्तात्मक समाजको विभेदकारी चिन्तनका कारण सीमान्तीकृत बन्दै गएको महिलाको वास्तविकताको व्यङ्ग्यात्मक अभिव्यक्ति दिनका लागि गरिएको बिम्बविधानबाट केन्द्रीय शक्ति उद्घाटन भएको छ। सामन्तवादी पितृसत्ताको अधीनस्थता भोगिरहेका आफ्नो युगका महिलाको आभिव्यक्तिमाथिको नियन्त्रण र उत्पीडन देखेर त्यसको अन्त्यका लागि यथास्थितिको आलोचना र प्रतिरोधको अपरिहार्यता बोध गरेकी शर्माले कवितामा अभिव्यञ्जनात्मक रूपबाट पितृसत्ताको निर्मम आलोचना गर्नका लागि केन्द्रीकृत बिम्बविधान गरेकी छन्। त्यसैले प्रस्तुत कवितामा शक्तिकेन्द्रको विश्लेषण गर्नु उपयुक्त ठहर्दछ। बिन्दु शर्मा (२०७७) ले समकालीन नेपाली कविताको समावेशी स्वर विश्लेषण गर्ने क्रममा 'पोथी बास्नुहुँदैन' कवितालाई

पितृसत्तात्मक समाजको विभेदकारी कदमको आलोचना र समाजमा महिलाको सम्मानपूर्ण उपस्थितिका पक्षमा अभिमत प्रकट गरिएको कविताका रूपमा मूल्याङ्कन गरेकी छन् । दीपकप्रसाद न्यौपाने (सन् २०२३) ले चाहिँ समकालीन नेपाली कविताको यथार्थवादी धाराको विश्लेषण गर्ने क्रममा नारीवादी चेतनाका साथ यथार्थ शैलीमा लेखिएको कविताका रूपमा 'पोथी बास्नुहुँदैन' कविताको अति सङ्क्षिप्त विश्लेषण गरेका छन् भने परमानन्द जोशी (सन् २०२४) ले यस कवितालाई नारीवादी दृष्टिबाट विश्लेषण गर्दै नारीजागरण र नारीमुक्तिको अभियानलाई अघि बढाउन सक्षम भनी मूल्याङ्कन गरेका छन् । त्यसै गरी तुलसीप्रसाद गौतम (२०८१) ले नेपाली कविताको भाषिक समानान्तरता विश्लेषण गर्ने क्रममा प्रस्तुत कवितामा भावलाई जोड दिन वाक्यका ढाँचामा एकरूपता गरेर भावको पुनरावृत्ति गरिएको बताएका छन् तर उपर्युक्त कुनै पनि अध्ययनमा प्रस्तुत कवितामा प्रकटित शक्तिकेन्द्रको विश्लेषणले भने ठाउँ पाएको देखिन्न । अतः कुन्ता शर्माको 'पोथी बास्नुहुँदैन' कवितामा शक्तिकेन्द्रको उद्घाटन के कसरी गरिएको छ भन्ने जिज्ञासा यस अनुसन्धानमा रहेको थियो र सोही जिज्ञासा समाधान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन गरिएको छ । 'पोथी बास्नुहुँदैन' कवितामा शक्तिकेन्द्रीकरण, समयको सङ्कुचन, मूर्तताको विधान तथा आकाङ्क्षाको आकृति उद्घाटन गराउने उद्देश्य रहेकाले शक्तिकेन्द्रका आधारबाट यस कविताको विश्लेषण गर्नु औचित्यपूर्ण देखिन्छ । यसरी अध्ययन गर्दा यस कवितामा विचारलाई एकीकृत गर्ने बिम्बको वास्तविक शक्ति पहिचान हुन्छ ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययन गुणात्मक शोधविधिमा आधारित छ । यसमा प्राथमिक सामग्रीको सङ्कलन कुन्ता शर्माको 'पोथी बास्नुहुँदैन' कविताको वैचरिकता प्रसारित केन्द्रीय बिम्बविधान, त्यसका लागि गरिएको त्रिआयामिक समयको संयोजन, वैचारिक मूर्तता र काव्यिक चिन्तनलाई प्रस्तुत गर्ने सन्दर्भहरूबाट गरिएको छ । यसरी सामग्री लिँदा शक्तिकेन्द्र विश्लेषणका निम्ति उपयुक्त प्रसङ्गमा मात्र सोद्देश्यमूलक नमुना छनोट पद्धति प्रयोग भएको छ । यस अध्ययनमा द्वितीयक सामग्रीका रूपमा कविताको शक्तिकेन्द्र विश्लेषणका लागि आवश्यक सैद्धान्तिक ग्रन्थ, कविताविश्लेषणका आधार भएका अनुसन्धानात्मक लेख र समालोचनात्मक लेख उपयोग गरिएको छ भने समस्या समाधानका लागि मूलतः पाठविश्लेषणको पद्धति उपयोग गरिएको छ । कवितामा प्रकटित शक्तिकेन्द्रलाई शक्तिकेन्द्रीकरण, समयको सङ्कुचन, मूर्तताको विधान र आकाङ्क्षाको आकृति विश्लेषणमा मात्र यस अध्ययनलाई सीमित गरिएको छ ।

## सैद्धान्तिक आधार

समकालीन वस्तुस्थिति वा रचनाको विषयवस्तुप्रतिको लेखकको वैयक्तिक दृष्टिकोणबाट निर्मित त्यस्तो वैचारिकता नै कविताको शक्ति हो, जुन केन्द्रीय बिम्बका माध्यमबाट कवितामा स्थापित गरिएको हुन्छ । यस्तो केन्द्रीय बिम्बको रचना कविले सङ्ज्ञान (कग्निसन), ध्यान (मेडिटेसन) र अवलोकन (कन्टेम्लेसन) को आधार लिएर तीन तहमा पूरा गर्छ– पहिलो तहमा वस्तुलाई मनले उद्देश्यहीन भई ग्रहण गर्छ, दोसो तहमा मनले त्यस वस्तुलाई गोलाकार घेराभित्र राखेर आफ्नो सुनिश्चित प्रक्रियामा बाँध्छ र तेस्रो तहमा वस्तु र मानसिक प्रक्रियाका बिच एकीकरण हुन्छ ( पाउन्ड, सन् १९७०, पृ. ७७) । यसबाट के स्पष्ट हुन्छ भने शक्तिकेन्द्रको स्थापत्यमा वस्तुको

पहिचानको भूमिका महत्त्वपूर्ण रहन्छ । यस्तो पहिचानलाई परिपक्व बनाउन बिम्बात्मक पदावलीको पटक पटक पुनरावृत्ति तथा लेखकका भावना र संवेगहरूलाई नवीन आकृति, आयाम र रङहरूमा व्यवस्थित गरेर रचनामा सफलतापूर्वक विचारको सम्प्रेषण गरिन्छ । शक्तिकेन्द्र (vortex) बिसौँ शताब्दीको प्रारम्भमा युरोपमा स्थापित भएको कलालाई औद्योगीकरणसँग जोड्ने आन्दोलन हो । यसले उन्नाइसौँ शताब्दीको भावुकतापूर्ण कलालाई अस्वीकार गरी यन्त्रको शक्ति र यन्त्रबाट उत्पादित सामग्रीहरूको सराहनाका साथ एक प्रकारको आन्तरिक हिंसालाई पनि कलामा महत्त्वपूर्ण स्थान दिन्छ जसले कविलाई शब्दको मूर्तिकार बनाउँछ (डेभी, सन् १९६४, पृ. १८१) । संवेदनाको मूर्तीकरणका क्रममा काव्यिक बिम्बले एउटा शक्तिशाली भुमरीको सिर्जना गर्छ र कविताको अर्थ त्यसै बिम्बमा केन्द्रीकृत हुन पुग्छ । त्यसैले शक्तिकेन्द्र भनेको बिम्बमा केन्द्रित कविताको अर्थयुक्त भुमरी विश्लेषण गर्ने अवधारणा हो ।

एज्रा पाउन्ड, टी.ई. ह्युम, एमी लोवेल आदिले सन् १९०८–१२ सम्ममा बिम्बवादको आधार तयार पारेका हुन् र १९१२ देखि कविताको सिर्जना गरेर बिम्बवादको अभियान थालेका हुन् । सन् १९१४ डेस इमेजिस्टस् कृतिमा बिम्बवादी कविताहरूको सङ्कलन भएपछि यो अभियान स्थापित भयो र सन् १९१७ सम्म यसको प्रभाव रह्यो । यसै क्रममा बेलायती मूर्तिकार वेन्धम लेविस र अमेरिकी कवि एज्रा पाउन्डले सन् १९१४ को *ब्लास्ट* पत्रिकामा घोषणापत्र र लेखहरू प्रकाशित गरेर शक्तिकेन्द्रको स्थापना गरेका हुन् । यसमा शक्तिलाई चित्रकला, मूर्तिकला र साहित्य गरी तीनओटा कलाहरूको मिलनबिन्दुका रूपमा स्वीकार गरिएको छ (फ्यान्कुचेन, सन् २००५, पृ. ६१) । शक्तिकेन्द्रमा संवेदनाहरूको निहित सम्बद्धता रहने हुनाले कविको ज्ञान र बौद्धिकतामा उसका हरेक खालका भावनात्मक शक्तिहरूको विलयन भएको पाइन्छ । द्वन्द्वात्मक नियमअनुसार ज्ञान बिस्तारै भावनासम्म पुग्छ र भावनाले चाहिँ पूर्वदीप्तिका रूपमा सञ्चित नयाँ र जीवन्त ज्ञानलाई पुनर्सिर्जना गर्छ (एटम, २०५६, पृ. ५) । यस प्रकार प्रत्येक धारणा र प्रत्येक भावनाले सजीव चेतनाको प्राथमिक स्वरूपलाई प्रस्तुत गर्छन् र तिनैको अभिलेखन नै कला बन्ने हुनाले यसमा तत्क्षणताको महत्त्व देखिन्छ । शक्तिकेन्द्रवादको घोषणापत्र (मेनिफेस्टो) १ को बुँदा नं. २ अनुसार यस मान्यतालाई अनुसरण गर्ने कविहरूले सांसारिक जीवनका विपरीत अभिव्यक्तिबाट बिम्ब प्रारम्भ गर्छन् अनि पूर्ण विरोधी अतिवादका बिच किशोर निश्छलतायुक्त स्पष्ट तर उग्र संरचना निर्माण गर्छन् (पाउन्ड र लेविस, सन् २०१४, पृ. ३०) । यिनै मान्यतालाई आधार बनाएर नेपाली समालोचनाका क्षेत्रमा नेत्र एटमले भुमरीलाई शक्तिकेन्द्रका रूपमा परिभाषित गरी 'नेपाली कवितामा शक्तिकेन्द्र (vortex) को भूमिका' शीर्षकको लेख प्रकाशित गरेको देखिन्छ ।उक्त लेखमा एटमले शक्तिकेन्द्रको मान्यताका आधारमा समकालीन नेपाली कविताको सरसर्ती विश्लेषण र मूल्याङ्कन गरेका छन् जसको आधार एज्रा पाउन्डको विम्बात्मक शक्तिकेन्द्रको अवधारणा रहेको छ । शक्तिकेन्द्रका आधारबाट प्रस्तुत कविताको विश्लेषण र मूल्याङ्कन गर्नका लागि प्रस्तुत लेखमा एज्रा पाउन्डकै कविताको विश्लेषणमा केन्द्रित मटेरर टिमोथीको *भोर्टेक्स : पाउन्ड, इलियट यान्ड लेविस* (सन् १९७९) कृतिमा रहेको सिद्धान्त, एटमको शक्तिकेन्द्रसम्बन्धी प्रायोगिक समालोचना र 'पोथी बास्नुहुँदैन' कवितामा गरिएको शक्तिकेन्द्रको संयोजन गरेर (१) शक्तिको केन्द्रीकरण, (२) समयको सङ्कुचन, (३) मूर्तताको विधान र (४) आकाङ्क्षाको आकृति शीर्षक रहेका बुँदाहरूबाट कृतिविश्लेषणको एउटा प्रारूप तयार पारिएको छ र गुणात्मक विधिबाट सामग्रीको व्यवस्थापन गर्दै

त्यसलाई अर्थापन गरिएको छ ।

## विमर्श र नतिजा

कुन्ता शर्मा (२००३) समाजमा व्याप्त विभेदको आलोचना गरी समानताका पक्षमा अभिव्यक्ति दिने कवि हुन् । उनका कवितामा पुँजीवादी समाजको उपयोगितावादी चिन्तनले महिलामाथि भइरहेको अत्याचार र उत्पीडनको आलोचना पाइन्छ (गौतम र एटम, २०७४, पृ. २१) । उनको *म उभिएको ठाउँ* (२०५२) कवितासङ्ग्रहमा सङ्गृहीत 'पोथी बास्नुहुँदैन' कवितामा सामन्तवादी पितृसत्तात्मक समाजको वस्तुगत परिस्थिति, महिला र पुरुषको शक्तिसम्बन्ध, सामन्ती समाजका महिलाको जीवनका यथार्थ र उनीहरूको चेतनाको स्वरूपको बिम्बात्मक अभिव्यक्ति दिइएको छ । यसमा महिलामाथिको विभेद चित्रण गरी उनीहरूको श्रमको मूल्यहीनता एवम् अधिकारविहीनताविरुद्ध महिलामुक्तिको विचारधारा र लेखकको बिम्बात्मक रचनाशिल्पलाई संयोजन गर्ने क्रममा शक्तिकेन्द्रको अवधारणा प्रकट भएको छ, जसलाई (१) शक्तिकेन्द्रीकरण, (२) समयको सङ्कुचन, (३) मूर्तताको विधान र (४) आकाङ्क्षाको आकृति गरी शक्तिकेन्द्र विश्लेषणका निम्ति चारओटा उपकरण प्रयोग गरिएका छन् ।

### शक्तिकेन्द्रीकरण

कविताले सम्प्रेषण गर्ने अर्थमा नै त्यसको शक्ति केन्द्रित हुन्छ र कवितामा निर्माण गरिएको बिम्बविधानको भुमरीद्वारा छरिएको चिन्तनलाई एकीकृत स्वरूप दिँदै त्यस्तो शक्तिलाई सङ्केन्द्रित गरिन्छ । बिम्बको यही वैचारिक भुमरीले नै कवितालाई दिशानिर्देश गर्छ भन्ने मान्यतालाई शक्तिकेन्द्रीकरण भनिन्छ (मटेरेर, सन् १९७९, पृ. २) । शक्तिकेन्द्रीकरणले कवितालाई एउटा यन्त्रका रूपमा हेर्छ र यन्त्रको प्रमुख भागले सम्पूर्ण अङ्गहरूलाई गतिशील बनाएजस्तै कविताको शक्तिकेन्द्रले पनि कविताका घटकहरूलाई नियन्त्रण गरी चलायमान गराउँछ भन्ने विश्वास यसले गर्छ । त्यसैले यो कविताको केन्द्राभिमुख शक्ति हो । निरङ्कुशतन्त्रमा शक्ति एकै ठाउँमा केन्द्रित भएजस्तै कवितामा पनि मूल शक्ति एकै स्थानमा केन्द्रित रहने कुरालाई यसले महत्त्व दिन्छ र त्यस केन्द्रको खोजी गर्छ (शर्मा, २०७५, पृ. ६४) । 'पोथी बास्नहुँदैन' कविताको केन्द्राभिमुख शक्तिको खोजी गर्दा कविता सिर्जनाको अवधि, कविताको मनस्थिति र चिन्तनको प्रवाह पनि पहिल्याउनु आवश्यक हुन्छ ।

'पोथी बास्नुहुँदैन' कविता *म उभिएको ठाउँ* कृतिभित्र सङ्गृहीत भएर २०५२ सालमा प्रकाशित भएको भए पनि यसको लेखन भने चालिसको दशकको प्रारम्भमै भएको हो । नेपाली समाजमा चालिसको दशक भनेको पञ्चायती निरङ्कुशता चरममा पुगेको र हिन्दु वर्णव्यवस्थामा आधारित सामन्तवादी पितृसत्ता पनि बलशाली ढङ्गले सत्तासीन भइरहेको अवधि हो । महिला स्वतन्त्रतासँगै उनीहरूलाई विचार अभिव्यक्तिको अधिकारमा बन्देज, श्रममा पितृसत्तात्मक दबदबा आदिका कारण उक्त अवधिको लेखनको धार महिला विद्रोह र प्रतिकारको रणनीतितर्फ अभिमुख हुँदै गएको थियो । राजनीतिक क्षेत्रका महिलाहरूले अघि बढाएको महिलामुक्ति आन्दोलनले महिलाको आर्थिक अधिकारसँगै यौन तथा प्रजनन स्वास्थ्यको अधिकारलाई पनि कानुनी रूपमै स्थपित गर्ने प्रयत्न गरिरहेको थियो । यही पृष्ठभूमिमा लेखिएको प्रस्तुत कवितामा पनि सामन्ती पितृसत्तात्मक थिचोमिचो र विभेदपूर्ण सामाजिक, सांस्कृतिक, दार्शनिक आदि मूल्यहरूको वर्चस्वका कारण

उत्पीडनमा परेका महिलाहरूको विद्रोह निहित छ । महिलामुक्तिलाई केन्द्रमा राखेर नेपाली समाजमा व्याप्त विभेद, राजनीतिक प्रतिरोध एवम् नागरिक सचेतना बढ्दै गएको तात्कालिक अवस्थाको विद्रोही अभिव्यक्ति यस कवितामा भएको छ । कविको जीवनदृष्टि, कविताको सारवस्तु र शीर्षकीकरणका आधारमा हेर्दा कविताको मूल वैचारिक शक्ति 'पोथी बास्नुहुँदैन' भन्ने व्यङ्ग्यात्मक पदावलीमा केन्द्रित भएको पाइन्छ भने कवितामा महिलाको अभिव्यक्तिमाथिको बन्देज, पराधीनता, अधिकारविहीनता र कार्यक्षेत्रको सीमिततालाई समग्रमा बिम्बात्मकता दिनका लागि 'पोथी बास्नुहुँदैन' भन्ने पदावली प्रयुक्त छ र यसैबाट पूरै कविता निर्देशित भई कविताका सबै अर्थहरू उही बिम्बबाट सम्प्रेषित भएका छन् । कविताको यस्तो अर्थ प्रसारका दृष्टिले प्रस्तुत बिम्ब कविताको केन्द्राभिमुख शक्ति ठहर्दछ । कविताको वैचारिक शक्ति एकै ठाउँमा सञ्चित हुने यस्तो पद्धति यान्त्रिक वा निरङ्कुशतन्त्रकै जस्तो प्रवृत्तिमा आधारित छ । यसलाई तत्कालीन पञ्चायती व्यवस्थाको केन्द्रीकृत राजनीति र मार्क्सवादी केन्द्रीयताका नाममा केन्द्रीकृत शक्तिको अभ्यास गरिरहेको कम्युनिस्ट राजनीतिमा आधारित शर्माको जीवनभोगाइको प्रभावका रूपमा पनि हेर्न सकिन्छ ।

शक्तिकेन्द्रका आधारमा हेर्दा 'पोथी बास्नुहुँदैन' भन्ने पदावली प्रस्तुत कवितालाई सञ्चालन गर्ने, प्रभाव सिर्जना गर्ने र विचार प्रवाहित गर्ने प्रमुख संयन्त्र हो । त्यसैले यही पदावलीबाट कविताको शीर्षक विधान गरिएको छ, जसमा कविको आत्मविश्वास, साहस र विद्रोहको समेत संयोजन भएको पाइन्छ । त्यसैले यसमा महिला र पुरुषको श्रमविभाजन एवम् उनीहरूको असमान पारिवारिक सम्बन्धका कारण महिलाहरूले सङ्घर्षपूर्ण र सङ्कटग्रस्त जीवन जिउनुपरेको अवस्था चित्रणले प्रधानता पाएको हो । महिलाहरूलाई दासको व्यवहार गरिरहेको पितृसत्ता र उसको शोषणको मारमा परेका महिलाका बिचको सामाजिक र सांस्कृतिक सम्बन्धले जटिल बनाएको महिलाको जीवनसङ्घर्षलाई चिनाउन कवितामा 'पोथी बास्नुहुँदैन' भन्ने बिम्बात्मक पदावलीलाई यसरी व्यङ्ग्यात्मक स्वरूप प्रदान गरिएको छ :

सधैं सधैं घरका धुरीहरूमा
आँगनहरूमा, बार्दलीहरूमा, बारका घोचाहरूमा
घाँटी तन्काउँदै, सिउर हल्लाउँदै / बास्ने काम भालेको हो
आवाज उकास्ने काम भालेको हो ।
पोथीले मात्र कुर्कुराउनुपर्छ/आक्रोशका घुङ्काहरू चुपचाप निल्नुपर्छ
अन्डा पार्नुपर्छ ओथारा बस्नुपर्छ/चल्ला काढ्नु अनि
तन्मयतापूर्वक बच्चा हुर्काउनुपर्छ
उन्मुक्त हाँसो हाँस्नुहुँदैन / पोथी बास्नुहुँदैन (पृ. ११)

महिला र पुरुषका बिचमा भएको अनुल्लङ्घनीय श्रमविभाजनका कारण समाजमा स्थापित उनीहरूको विभेदपूर्ण सम्बन्धको फेहरिस्त वर्णन गरिएका उपर्युक्त कवितांशबाट महिलाहरूको अधिकारविहीनता प्रकट भएको छ । यसबाट सिर्जित परनिर्भरताले सामाजिक र सांस्कृतिक रूपमा समेत महिलाले खप्नुपरेको पितृसत्तात्मक अधीनस्थताको अभिव्यञ्जना पनि गरेको छ । यसैका

आधारमा स्थापित गरिएको महिला उन्मुक्त रूपले हाँस्नु र बोल्नु हुँदैन भन्ने पितृसत्तात्मक कथनको प्रतिरोध गर्नका लागि यहाँ 'पोथी बास्नुहुँदैन' भन्ने व्यङ्ग्यात्मक सङ्कथनमा सम्पूर्ण अर्थ केन्द्रित गरेर कविताले शक्तिकेन्द्र स्थापित गरेको हो । यसरी प्रस्तुत कवितामा शक्तिकेन्द्रीकरण गर्दा परम्परागत पितृसत्तात्मक शक्ति र महिलाको आधुनिक चिन्तनको द्वन्द्वात्मकतालाई केन्द्रीय बिम्बमा भर्ने काम गरिएको छ, जसबाट महिलाको उत्पीडनविरोधी स्वर मुखर भई पितृसत्तात्मक चिन्तन परिधितिर धकेलिएर महिलामा शक्तिकेन्द्रीकरण हुन पुगेको छ । यसबाट अधिकारविहीन बनाइएका महिलाको वास्तविकता उद्घाटन एवम् महिलामुक्तितर्फ अभिप्रेरित प्रतिरोधी चिन्तनको शक्तिकेन्द्रीकरणका दृष्टिले कविता सफल ठहर्दछ ।

**समयको सङ्कुचन**

कवितामा एउटा बिम्बभित्र अतीत, वर्तमान र भविष्यलाई सघनताका साथ खुम्च्याएर राख्न सकिन्छ भन्ने शक्तिकेन्द्रको सिद्धान्तले समयको सङ्कुचनलाई प्रश्रय दिन्छ । यो शब्दहरूको प्रयोगबाट समयलाई नवीन तरिकाले खुम्च्याएर राख्ने बिम्बविधानकै एउटा पद्धति हो । कवितामा व्यक्तिका विविध समयावधिका भोगाइलाई महत्त्वका साथ स्थापित गर्ने प्रयत्नका कारण यसले कतिपय अवस्थामा कवितालाई चरम व्यक्तिवादी रचनाका रूपमा पनि हेर्ने गर्दछ । 'पोथी बास्नुहुँदैन' कवितामा चाहिँ प्रत्येक अभिव्यक्तिलाई सार्वभौम रूपले अर्थपूर्ण बनाएर एउटै केन्द्रीय बिम्बमा सार प्रस्तुत गर्ने क्रममा यसरी समयको सङ्कुचन भएको छ :

टेक गर्नुहुँदैन  
थुनछेक गर्नुहुँदैन  
मालिक मालिक रट्नुपर्छ  
यन्त्रजस्तो भएर खट्नुपर्छ  
नयाँ परिवेशमा टेक्नुहुँदैन  
नौलो विचार बोक्नुहुँदैन  
उन्मुक्त हाँसो हाँस्नुहुँदैन  
पोथी बास्नुहुँदैन । (पृ. १२)

उपर्युक्त कवितांशका सुरुमा आएका 'टेक' र 'थुनछेक' गर्न नहुने तथा 'मालिक रट्नुपर्छ' भन्ने पङ्क्तिले महिलालाई विनापारिश्रमिकका दासका रूपमा प्रयोग गरेको त्यस्तो सामन्तवादी युगलाई अभिव्यक्त गरेका छन्, जुन कविताको वक्ताको जीवनको पनि विगत बनिसकेको छ । 'यन्त्रजस्तो खट्नुपर्छ' भन्ने पङ्क्तिले पुँजीवादी पितृसत्ताको यान्त्रिक शोषणयुक्त चरित्रलाई उद्घाटन गरेका छन् । त्यसै गरी 'नयाँ परिवेश' र 'नौलो विचार' ले गरेको सङ्केत चाहिँ महिलामुक्तिपछि मात्र सम्भव हुने समाजवादी युगतर्फको हो । यसरी कविताको एउटै अंशमा महिलाका भोगाइ र अवस्थाका स्तरमा दास र मालिकको सम्बन्धयुक्त सामन्तवादी विगत, मानवताविहीन र यान्त्रिक पुँजीवादी वर्तमान एवम् नयाँ विचार र महिला स्वतन्त्रतासहितको समाजवादी चरित्रको आगतलाई राखेर समयलाई सघन रूपमा खुम्च्याइएको छ । समयलाई सङ्कुचन गरिएको यस प्रक्रियामा पनि

महिलाको अधीनस्थता र अभिव्यक्तिमा लगाइएको बन्देजको आशय पटक पटक पुनरावृत्ति भई महिला हाँस्न र बोल्न नपाएको पीडित अनुभूति नै यसको सार बनेर केन्द्रविन्दुका रूपमा रहेको छ ।

'पोथी बास्नुहुँदैन' कवितामा महिलाउत्पीडनको परम्परा, वर्तमान स्वरूप र महिलामुक्तिको अपरिहार्यतालाई एकै ठाउँमा संयोजन गरेर कविताको सारवस्तु एकीकृत रूपमा उद्घाटन गर्नका लागि समयको सङ्कुचन भएको छ। यसले कवितामा छरिएको विचारलाई भुमरीले जसरी केन्द्रीकरण गरी अभिव्यक्तिलाई सघन बनाउन मद्दत गरेको छ ।

**मूर्तताको विधान**

शक्तिकेन्द्रले कविताको अर्थलाई एउटै केन्द्रीय बिम्बमा सङ्केन्द्रित गर्छ भने बिम्बले चाहिँ कविताका अमूर्त अनुभूति, भाव वा विचारलाई मूर्त बनाउने काम गर्दछ। शक्ति केन्द्रीकरण गर्नका लागि अप्रत्यक्ष रूपबाट गरिएको अर्थको प्रक्षेपणलाई इन्द्रियसंवेद्य ढङ्गले सम्प्रेषणीय बनाउन बिम्बहरूले कवितामा मूर्तताको विधान गर्दछन् । एकातिर भाव, विचार र संवेदनालाई मूर्त बनाइने र अर्कातिर बिम्बहरूको तरलतामा शक्ति सिर्जना गर्ने जस्तो विपर्यासयुक्त कला प्रयुक्त हुने भएकाले शक्तिकेन्द्र काव्यिक रणनीतिअनुसार ठोसबाट तरलतातिर र अमूर्तताबाट मूर्ततातर्फ पनि क्रियाशील रहन सक्छ। यही स्वरूपअनुसार कलावादी रचनामा यसले समय र स्थानको सीमिततालाई अस्वीकार गरेर तिनलाई तीव्र रूपमा प्रवाहित भावनाहरूसँग जोडेर बौद्धिक बनाउँदै अमूर्तताको विधान गर्दछ (शर्मा, २०७५, पृ. ७१) भने जीवनवादी रचनामा चाहिँ बिम्बात्मक कौशलद्वारा विचार र भावनाको मूर्तीकरणतर्फ बढी केन्द्रित हुन्छ । यसै क्रममा कवितामा विभिन्न प्रकारका बिम्बहरूको सिर्जना हुन्छ र त्यस्ता बिम्बहरूको योजनाले विचार र भावनाको तीव्रतालाई क्रमिक रूपमा उद्घाटन गर्दै जान्छ। 'पोथी बास्नुहुँदैन' कवितामा पितृसत्तात्मक समाजका महिलाहरूले आफ्नो अधिकार दाबी गर्न थालेपछि देखिन सक्ने परिणामलाई सङ्केत गर्नका लागि गरिएको विशिष्ट किसिमको मूर्तताको विधान यस्तो छ :

बासेमा के हुन्छ ?/साह्रै अनिष्ट हुन्छ

नीतिनियम रुष्ट हुन्छ ....

ओथारोको अन्डा/त्यसै त्यसै कुहिन सक्छ

चल्लाको कलिलो जीवन/नफुल्दै झर्न सक्छ

प्रहार हुन सक्छ/संहार हुन सक्छ

त्यसैले चेतनाको डाक बोल्नुहुँदैन/अन्धकारको पर्दा खोल्नुहुँदैन

उन्मुक्त हाँसो हाँस्नुहुँदैन/पोथी बास्नुहुँदैन । (पृ. १२)

महिलाहरू आफ्नो स्वतन्त्रताका लागि आवाज उठाउन थालेपछि उनीहरूको सहनशीलताको जगमा उभिएर सहिष्णुताको नाटक गरिरहेको पुरुषसत्ताको असली ताण्डव सुरु हुने कुरालाई यहाँ वैचारिक तीव्रतासहित क्रमिक रूपमा उद्घाटन गरिएको छ। महिलाहरूले अधिकार खोजेको कुरालाई पोथी बासेको सङ्केत गर्न आएको 'बासेमा' भन्ने बिम्बात्मक शब्दले मूर्त बनाएको छ भने नीतिनियम रुष्ट हुने, ओथारोको अन्डा कुहिन सक्ने, चल्लाको जीवन नफुल्दै झर्न सक्ने, संहार र

प्रहार हुन सक्ने जस्ता बिम्बात्मक पदावलीले चाहिँ क्रमशः पितृसत्ता खलबलिने, त्यसबाट महिलाहरूको गर्भमाथि कानुनी प्रहार हुने, पुरुष सन्तानको जिम्मेवारीबाट पन्छिन सक्ने र समग्रमा महिलाकै संहार हुन सक्ने भन्ने कविका अनुमानित विचारलाई ठोस बनाएर प्रस्तुत गरेका छन् । यसबाट महिलाविद्रोहको स्थितिमा पुरुषसत्ताले गर्न सक्ने हर्कत बिम्बात्मक स्वरूपमा मूर्तीकृत भएको छ ।

प्रस्तुत कवितामा सामन्तवादी पितृसत्तात्मक समाजका महिलाको दासतापूर्ण अवस्थालाई व्यङ्ग्यात्मक रूपले मूर्तता प्रदान गर्न "तौली तौली बोल्नुपर्छ/शब्दमा आदरभाव घोल्नुपर्छ/पाउमा निहुरिनुपर्छ/दासताको फूल सिउरिनुपर्छ/लक्ष्मणरेखा नाघ्नुहुँदैन" (पृ. ११) भन्ने लयात्मक पदावली आएका छन् । कविका उत्पीडित र प्रतिरोधी भावनासँग विचारको तीव्र र शक्तिशाली अभिव्यक्ति तादात्म्य गर्ने क्रममा उपर्युक्त पङ्क्तिहरू आई कवितामा सिधा र सपाटपन पनि सिर्जना गरेकाले उक्त अभिव्यक्तिमा मूर्तता आएको हो । यसरी कवितामा गरिएको विषय र विचारको विकास एवम् सामन्तवादी कठोरतायुक्त परिस्थितिअनुकूलको चिन्तन पनि मूर्तताको विधानमा सहयोगी बनेको छ भने यसबाट व्यङ्ग्यात्मक रूपमा सम्प्रेषित विचारधाराले महिलामुक्तिको स्वरलाई बलशाली बनाउन पनि मद्दत गरेको छ ।

**आकाङ्क्षाको आकृति**

शक्तिकेन्द्रमा आकाङ्क्षाको आकृति भन्नाले कविको वैयक्तिक र उसको विचारधारसँग सम्बद्ध सामूहिक आकाङ्क्षाको समग्र स्वरूप भन्ने बुझिन्छ । कविका निजी स्वार्थका सन्दर्भमा नितान्त व्यक्तिगत हुने भए पनि विचारको सामान्यीकरणका सन्दर्भमा यस्तो बिम्बको आकाङ्क्षा राजनीतिक आन्दोलनबाट प्रेरित भई निजी स्वार्थबाट माथि उठेको हुन्छ (पाउन्ड, सन् १९५४, पृ. ४१) । त्यसैले यसमा नवीन आकाङ्क्षाको आकृति सिर्जनाबाट पुनर्जागरणको अध्याय थालनी भइछाड्छ भन्ने मान्यता रहन्छ । 'पोथी बास्नुहुँदैन' कवितामा पितृसत्तात्मक समाजको सांस्कृतिक र राजनीतिक सम्बन्धमा थिचिएका महिलाहरू सचेत भएर साहसका साथ प्रतिरोधमा उत्रिएपछि पुरुषसरह अधिकारसम्पन्न र स्वतन्त्र हुने छन् भन्ने प्रबल आकाङ्क्षाको आकृति सिर्जना गरिएको छ । पितृसत्तात्मक नियन्त्रणका कारण अभिव्यक्ति स्वतन्त्रता पनि गुमाएका महिलाका चाहना र वास्तविकताको प्रतिबिम्बनसहित पुरुष आधिपत्य समाप्त पार्ने चाहनामा केन्द्रित महिला आकाङ्क्षा कवितामा यसरी अभिव्यक्त भएको छ :

> अवरुद्ध चेतना/कहिलेकाहीँ प्रवाहित हुन खोज्दा
> जडताका विरुद्ध/गतिशीलताका पाइला चाल्न खोज्दा
> उज्यालोले कुत्कुत्याएपछि/आँटिला मुटुहरूले मुख खोल्दा
> साँचो कुरा बोल्दा/आतङ्कित बर्बरताहरू
> एकैपल्ट ब्युँझिएर/जीवनको विरुद्ध मृत्युघण्ट ठोक्न सक्छन्...
> त्यसैले ठुलो आँट नलिई/दरिलो साथ नलिई/काँडाघारीका पस्नुहुँदैन
> उन्मुक्त हाँसो हाँस्नुहुँदैन/पोथी बास्नुहुँदैन । (पृ. १३)

उपर्युक्त कवितांशमा आफूमाथि भएको विभेदको बोध गरेका महिलाहरू सामन्तवादी जडताको प्रतिरोधमा उत्रिएपछि प्रतिकारस्वरूप सामन्तवादी पुरुषसत्ताले मच्चाउन सक्ने आतङ्क र बर्बरताप्रति सचेत गराइएको छ । यस प्रसङ्गमा ठुलो आँट र दरिलो साथ नलिई काँडाघारीमा पस्न नहुने भन्ने अभिव्यक्तिले नारीहरूको सामूहिक प्रयास र साङ्गठनिक विद्रोहबाट मात्र पितृसत्तालाई परास्त गर्न सकिन्छ भन्ने आशय उद्घाटन भई महिलामुक्ति मार्क्सवादी आन्दोलनबाट अभिप्रेरित हुँदै महिलाको वर्गीय आकाङ्क्षाको स्वरूपमा प्रकट भएको छ । शक्तिशाली पुरुषसत्तालाई स्त्रीशक्तिद्वारा निस्तेज पार्ने नारी आकाङ्क्षाको आकृति मुक्तिसङ्घर्षको आह्वानसहितको महिलाचेतनाका माध्यमबाट प्रकट भएकाले महिलाशक्तिको सङ्गठित र केन्द्रीकृत स्वरूप प्रकटीकरणका दृष्टिले कविता अब्बल रहेको छ ।

युगीन उत्पीडन सहँदै आएका महिलाहरू मुक्तिका लागि आआफ्नो स्थानबाट सङ्गठित भएर लाग्नु नै प्रस्तुत कविताले प्रकट गरेको आकाङ्क्षाको आकृति हो । यसैको बोध गराउनका लागि महिलालाई पितृसत्तात्मक शोषणबारे व्यङ्ग्यात्मक ढङ्गले जानकारी गराई उनीहरूलाई आफ्नो अधिकारप्रति सचेत बनाएर आकाङ्क्षाको स्वरूप पहिल्याउन सफल रहनुले पनि प्रस्तुत कवितामा विचारको क्रमिक विन्याससहित उद्घाटन गरिएको आकाङ्क्षाको स्वरूप कविताको शक्ति केन्द्रीकृत गर्न कुशल ठहरिएको छ ।

**निष्कर्ष**

कुन्ता शर्माको *म उभिएको ठाउँ* कृतिमा सङ्गृहीत 'पोथी बास्नुहुँदैन' कविताको शक्तिकेन्द्र पितृसत्तात्मक समाजमा व्याप्त महिलामाथिको उत्पीडन र त्यसको बोध गर्न थालेको महिलाचेतनाले चालेको व्यङ्ग्यात्मक प्रतिरोधसँगै सङ्गठित विद्रोहको सङ्केत एवम् महिलामुक्तिको आकाङ्क्षाबाट प्रकट भएको छ। प्रस्तुत अध्ययनमा कृतिविश्लेषणका लागि निर्धारण गरिएका चारओटा सङ्केतकहरूमध्ये शक्तिकेन्द्रीकरणको प्रयास पितृसत्तात्मक चिन्तन र महिलामुक्तिको चाहनाको द्वन्द्वात्मक सम्बन्धलाई कविताको शीर्ष पङ्क्ति 'पोथी बास्नुहुँदैन' भन्ने बिम्बमा सङ्केन्द्रित गरेर प्रभावकारी बनेको छ । महिलाको उत्पीडित स्वरलाई केन्द्रमा स्थापित गर्दै पितृसत्तात्मक चिन्तन परिधीय बनाई महिलाको अधिकारविहीन अवस्था र प्रतिरोधी चिन्तनमा कविताको अर्थ केन्द्रित गर्ने कार्यमा पनि यो कुशल ठहरिएको छ । समयको सङ्कुचनको तरिकालाई महिला उत्पीडनको युगीन सन्दर्भ, वर्तमानको पुँजीवादी स्वरूप र महिलामुक्तिको अपरिहार्यतायुक्त आगतलाई एकै ठाउँमा सङ्कुचन गरेर कविताको अर्थ एकीकृत रूपमा उद्घाटन गर्नका लागि प्रयोग गरिएको छ । यसले कवितामा फैलिएको अर्थलाई केन्द्रीकरण गरी अभिव्यक्तिलाई सघन बनाउन मद्दत गरेको छ । मूर्तताको विधानका कोणबाट हेर्दा प्रस्तुत कविता वस्तु र सन्देशको क्रमिक विकासका क्रममा सामन्तवादी पितृसत्तात्मक आतङ्कको बिम्बात्मक अभिव्यक्तिलाई सहज सम्प्रेष्य बनाउन र महिलाको प्रतिरोधी चिन्तनको सपाटपनलाई विशिष्टीकृत स्वरूपमा मूर्तीकरण गर्न सफल रहेको छ । आकाङ्क्षाको आकृति चाहिँ मुक्तिसङ्घर्षको आह्वानसहितको महिलाचेतनाका माध्यमबाट प्रकट भएकाले महिलाशक्तिको केन्द्रीकृत स्वरूप उद्घाटनका दृष्टिले अब्बल ठहरिएको छ । यसरी पुरुषप्रधान समाजको स्वरूप, त्यसबाट मुक्त हुने उपाय र त्यसका लागि गरिएको महिलाको प्रतिरोधी अभिव्यक्तिबाट शक्तिकेन्द्रको प्रस्तुतिका दृष्टिले प्रस्तुत कविता प्रभावकारी रहेको छ । कवितामा अर्थलाई क्रमिक रूपले विकसित गर्दै मुक्तिको वैचारिकीलाई नै महिलाको आकाङ्क्षाका

रूपमा केन्द्रीकृत गरिएको ‘पोथी बास्नुहुँदैन’ कविता सामन्ती दाउपेचमा आधारित पितृसत्ता र महिलाका बिचको सामाजिक सम्बन्ध, श्रमको विभेदपूर्ण विभाजन एवम् शोषणमा केन्द्रित रहेको वास्तविकता उद्घाटन गर्दै महिलाको अभिव्यक्तिमाथि लगाइएको बन्देजलाई प्रतिरोधी ढङ्गले पुष्टि गर्न सफल रहेको छ। कविताको समग्र अर्थलाई प्रमुख बिम्बमा सङ्केन्द्रित गर्नका लागि गरिएको शक्तिकेन्द्रीकरण, समयको सङ्कुचन, मूर्तताको विधान तथा आकाङ्क्षाको आकृतिका दृष्टिकोणबाट विश्लेषण गर्दा प्रस्तुत कविता नेपाली समाजको पितृसत्तात्मक चरित्र उद्घाटन, त्यससँगको महिलाको द्वन्द्वात्मक सम्बन्धको पहिचान र महिलामुक्तिका लागि प्रतिरोधी चेतनाको प्रसार गर्न अपनाइएका विषयवस्तुको बिम्बात्मक र लयात्मक वर्णन एवम् विचारको सौन्दर्यपरक र मुखर अभिव्यक्ति संयोजन गर्न सफल रहेकाले शक्तिकेन्द्रको प्रयोगका कोणबाट सबल ठहर्दछ। यस कवितामा रहेको पोथीपनको शक्तिकेन्द्र पहिचानका कारण कविको सामाजिक अनुक्रिया पाठकमा सबल आवेगका साथ सम्प्रेषण सम्भव भएको छ र त्यसले विभेदबाट मुक्तिका निम्ति सक्रिय हुनुपर्ने पाठकको चिन्तन तथा अनुभूतिलाई सक्रिय पार्न र कवितालाई दीर्घकालीन प्रभावयुक्त बनाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। यसमा प्रयुक्त शक्तिकेन्द्रले समकालीन नेपाली कवितामा रहेको महिलासम्बन्धी राजनीतिक विमर्शको सामर्थ्यलाई बलियो बनाएको छ र पितृसत्ताको सङ्कीर्ण वैचारिकताबाट मुक्तिको आह्वानलाई तीव्र प्रभावी र दीर्घकालीन बनाई ‘पोथी बास्नुहुँदैन’ कवितालाई उच्चता प्रदान गरेको छ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०५६). नेपाली कवितामा शक्तिकेन्द्र (भोर्टेक्स) को भूमिका. *कौशिकी,* १ *(२),*पृ. ५–८।

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश.* नेपाल प्रज्ञा-प्रतिष्ठान।

गौतम, तुलसीप्रसाद (२०८१). नेपाली कवितामा भाषिक समानान्तरता. *शोधसुधा,* २ *(२),* पृ. ५०–६०. https://doi.org/10.3126/ss.v2i2.69310

गौतम, लक्ष्मणप्रसाद र एटम, नेत्र (२०७४). सम्पादकीय. *प्रज्ञा आधुनिक नेपाली कविता.* लक्ष्मणप्रसाद गौतम र नेत्र एटम (सम्पा.). नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ९–३४।

जोशी, परमानन्द (सन् २०२४). पोथी बास्नुहुँदैन कवितामा नारीवादी चेतना. *सुदूरपश्चिम स्पेक्ट्रम,* २ *(१),* पृ. २३१–२४४।

डेभी, डोनाल्ड (सन् १९६४). *एज्रा पाउन्ड : पोएट याज स्कल्पचर.* अक्सफोर्ड युनिभर्सिटी प्रेस।

न्यौपाने, दीपकप्रसाद (सन् २०२३). समकालीन नेपाली कवितामा यथार्थवादी धारा. *दृष्टिकोण,* ३ (१), पृ. २१९–२३२. https://doi.org/10.3126/dristikon.v13i1.56103

पाउन्ड, एज्रा (सम्पा.). (सन् १९५४). *लिटरेरी एसेज.* टी.एस. इलियट. न्यु डाइरेक्सन्ज।

पाउन्ड, एज्रा (सन् १९७०). *गाइड टु कुल्चुर.* न्यु डाइरेक्सन्ज।

पाउन्ड, एज्रा र वेन्धम, लेविस (सन् १९१४). मेनिफेस्टो १ (१० बुँदाहरूमा). *ब्लास्ट,* १, पृ. ३०–३१।

फ्यान्कुचेन, अन्जी (सन् २००५). फ्रम भोर्टेक्स टु भोर्टिसिजम् : एज्रा पाउन्ड्ज आर्ट यान्ड साइन्स. *इन्टर्टेक्स्ट्ज,* ९ (१), पृ. ६१–७६।

मटेरेर, टिमोथी (सन् १९७९). *भोर्टेक्स : पाउन्ड, इलियट यान्ड लेविस.* कोर्नेल युनिभर्सिटी प्रेस।

शर्मा, कुन्ता (२०७८). *म उभिएको ठाउँ* (दोस्रो संस्क.). आयाम अन्वेषण एन्ड प्रकाशन केन्द्र।

शर्मा, बिन्दु (२०७५). *नेपाली समालोचनाका नवीन आयाम.* तन्नेरी प्रकाशन ।
शर्मा, बिन्दु (२०७७). *समकालीन नेपाली कवितामा समावेशीकरण.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।